# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६ख. ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई देहाय बमोजिमका शर्तहरु सहित अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन जिम्मेवारी संवत् २०८५ असार मसान्तसम्म थप कायम रहने गरी सुम्पने निर्णय मिति २०८०/९/५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**तोकिएका शर्तहरुः**

१. नेपाल सरकारबाट निर्णय भएको मितिले पांच महिनाभित्र राष्ट्रिय प्रकृति संरक्षण कोषले अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गरी पेस गर्ने, सो व्यवस्थापन योजना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ३ को उपदफा (१क) बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले एक महिनाभित्र स्वीकृत गर्ने र राष्ट्रिय प्रकृति संरक्षण कोषले सोही बमोजिम संरक्षण तथा व्यवस्थापन गर्ने ।

२. राष्ट्रिय प्रकृति संरक्षण कोषले संरक्षण क्षेत्रको थप व्यवस्थापन जिम्मेवारी सुम्पिएको अवधि देखि नै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (६), दफा ७ को उपदफा (१) र (२) सँग सम्बन्धित अनुसूची -४ बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गर्ने ।

३. अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको अनुगमन, मूल्याङ्कन, व्यवस्थापन र समन्वयका लागि देहायबमोजिमको छुट्टा छुट्टै संरक्षण क्षेत्र समन्वय परिषद् रहने:-

**(क) संरक्षण क्षेत्र समन्वय परिषद्**

| | |
|---|---|
| १. वन तथा वातावरण मन्त्री | - अध्यक्ष |
| २. वनक्षेत्र हेर्ने मन्त्री, गण्डकी प्रदेश | - सहअध्यक्ष |
| ३. महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | - सदस्य |
| ४. प्रदेश सचिव, वनक्षेत्र हेर्ने मन्त्रालय, गण्डकी प्रदेश | - सदस्य |
| ५. सदस्य-सचिव, राष्ट्रिय प्रकृति संरक्षण कोष | - सदस्य |
| ६. अध्यक्ष वा प्रमुख, संरक्षण क्षेत्र पर्ने स्थानीय तह | - सदस्य |
| ७. गण्डकी प्रदेश सरकारले मनोनयन गरेका सम्बन्धित संरक्षण क्षेत्रका संरक्षण र पर्यापर्यटन अभिवृद्धिमा योगदान पुऱ्याएका कम्तिमा एक जना महिला सहित तीन जना | - सदस्य |
| ८. कार्यालय प्रमुख, सम्बन्धित संरक्षण क्षेत्र कार्यालय | - सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(ख) संरक्षण क्षेत्र समन्वय परिषद्को कार्यसूची**

(१) संरक्षण क्षेत्रको व्यवस्थापनमा मार्गदर्शन, सहयोग तथा समन्वय गर्ने,

(२) सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्ने,

(३) स्रोतको पहिचान, बाँडफाँट र व्यवस्थापनमा सहयोग तथा समन्वय गर्ने,

(४) स्थानीय तहमा गठन गरिने समितिको सहजीकरण, अनुगमन र मार्गदर्शन गर्ने,

(५) संरक्षण क्षेत्र व्यवस्थापनको रणनीति र व्यवस्थापन योजना सिफारिस गर्ने,

(६) आवधिक कार्यक्रम, बार्षिक बजेट तथा योजना स्वीकृत गर्ने,

(७) अनुगमन तथा मूल्याङ्कन गर्ने,

(८) संरक्षण क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समितिको जिम्मेवारी र कार्यहरूको सुपरिवेक्षण गर्ने ।

(ग) परिषद्को बैठक बर्षको दुइपटक बस्नेछ र दुईवटा बैठकको अवधि छ महिनाभन्दा बढी हुने छैन। आवश्यकताअनुसार अध्यक्षले थप बैठक बोलाउन सक्नेछ । बैठकसम्बन्धी अन्य व्यवस्था परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

४. वन तथा वातावरण मन्त्रालयले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ र संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ लाई चार महिनाभित्र संशोधन प्रस्ताव गर्ने र सो संशोधन भएको चार महिनाभित्र कोषले स्थानीय तह र वडास्तरमा संरक्षण क्षेत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापन समिति र समुदायस्तरमा उपभोक्ता समिति गठन र व्यवस्थापन गर्ने।

५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले प्रत्येक बर्ष व्यवस्थापन योजनाअनुसार भए गरेका कामको अनुगमन मुल्याङ्कन गरी सुधार गर्नुपर्ने देखिएमा निर्देशन दिने र पृष्ठपोषणसहित मन्त्रालयमा प्रतिवेदन पेस गर्ने ।

६. संरक्षण क्षेत्र समन्वय परिषद्, संरक्षण क्षेत्र व्यवस्थापन समिति र उपभोक्ता समितिहरुको बैठक एवं अनुगमन, मुल्याङ्कन प्रतिवेदन तयारी कार्यको आवश्यक व्यवस्थापन राष्ट्रिय प्रकृति संरक्षण कोषले गर्नुपर्ने ।

**आज्ञाले,**

**डा. दीपक कुमार खराल**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।